# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रशासन निर्देशनालय

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या २०७६/७७ के.क.प्र.शा.,च.नं. ११३५

मितिः २०७६/०७/१५

श्री उत्पादन निर्देशनालय।
श्री प्रशारण निर्देशनालय।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।
श्री अर्थ निर्देशनालय।
श्री ईन्जिनियरिङ्ग सेवा निर्देशनालय।
श्री योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय।
श्री आयोजना व्यवस्थापन निर्देशनालय।
श्री ने.वि.प्रा. सहायक कम्पनी अनुगमन निर्देशनालय।
श्री आन्तरिक लेखा परीक्षण विभाग।
श्री ईनर्जि ईफिसियन्सी तथा चुहावट नियन्त्रण विभाग।

विषयः विदा सम्वन्धमा।

नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली २०७५ को विनियम ७३ मा रहेको प्रावधान बमोजिम नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७६/०७/१५ को ८०९ औ बैठकको निर्णयानुसार मिति २०७६/०१/३० मा नेपाल राजपत्र, भाग ५ मा प्रदेश सरकारले घोषणा गरेका सार्वजनिक बिदाहरुमा नेपाल सरकार अन्तर्गतका कार्यालयमा समेत बिदा दिने सूचना प्रकाशित भएकोले नेपालभर रहेका नेपाल विद्युत प्राधिकरणका कार्यालयहरुमा समेत प्रदेश सरकारले घोषणा गरेका बिदाहरु सम्वन्धित प्रदेश भित्रका नेपाल विद्युत प्राधिकरणका कार्यालयहरुमा सोही सूचना बमोजिम गर्नु/गराउँन हुन जानकारी गराउदछु।

- मिति २०७६/०१/३० मा नेपाल राजपत्रमा प्रकाशित सूचना (पाना २) यसैसाथ संलग्न छ।

(तुलाराम गिरी)
प्रमुख
प्रशासन निर्देशनालय


| प्रशासन निर्देशनालय | जनसाधन विभाग | कर्मचारी प्रशासन महाशाखा | केन्द्रीय कर्मचारी प्रशासन शाखा |
|---|---|---|---|
| प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५) | प्रमुख ☎ ०१-४१५३००३ (आ.१२०७) | प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१) | प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७) |
| पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६) | पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८) | पि.ए. ☎ (आ.१००२) | |
| इमेलः admin@nea.org.np | इमेलः hrd@nea.org.np | इमेलः admindiv@nea.org.np | इमेलः centraladmin@nea.org.np |

कम्प्युटर कक्षः ☎ ०१-४१५३०००, (आन्तरिक १००६), फ्याक्स ०१-४१५०००५

प्रधान कार्यालयः दरबारमार्ग, काठमाडौं

# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले प्रदेश सरकारले घोषणा गरेका सार्वजनिक बिदाहरुमा नेपाल सरकार अन्तर्गतका कार्यालयमा समेत बिदा दिने सम्बन्धमा देहाय बमोजिमको निर्णय गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छः-

(क) नेपाल सरकारले निर्णय गरी तोकेका सार्वजनिक बिदाका अतिरिक्त प्रदेश सरकारहरुले आ-आफ्नो प्रदेशमा प्रचलित धर्म, संस्कृति र रितिस्थिति समेतलाई दृष्टिगत गरी घोषणा गरेका वर्षको बढीमा ६ दिन सम्मको सार्वजनिक बिदामा सम्बन्धित प्रदेशमा रहेका नेपाल सरकारका कार्यालयहरुमा समेत सार्वजनिक बिदा गर्ने,

(ख) प्रदेश सरकारहरुले आ-आफ्नो प्रदेशभरि लागू हुने गरी ६ दिन भन्दा बढी सार्वजनिक बिदा घोषणा गरेमा नेपाल सरकार, गृह मन्त्रालयको निर्णयानुसार हुने,

(ग) खण्ड (क) बमोजिमको बिदा काठमाडौं उपत्यकाका तीन जिल्लाहरुमा रहेका नेपाल सरकारका कार्यालयहरुको हकमा नेपाल सरकार, गृह मन्त्रालयले निर्णय गरे बमोजिम हुने,

(घ) प्रदेश सरकारले घोषणा गरेका खण्ड (क) बमोजिमका बिदाहरु वर्षको शुरु मै निर्णय गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने व्यवस्था गर्ने ।

आज्ञाले,
प्रेम कुमार राई
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ६०।-
गो.हु.द.नं. १६।२०६२।६३